नेपालसरकार

गृहमन्त्रालय

**राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**SitRep #६७**

**११ भदौ २०७७**

| २०७७ बैशाख १ देखि भदौ १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २३० | ५५ | १८८ | १६ | २२ | ७ | ५३ | ० | १७१ | **२९९** | **७७** | **३६६** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२८ | ५५ | १८७ | १३ | २१ | ५ | २३ | ० | ५२ | **२६४** | **७६** | **२४४** |
| **२०७७भदौ १० देखि ११ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | आगलागी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | १ | **१** | ० | १ | **१** | १ | २ | **२** |

# दैनिक विपद् बुलेटिन

१० भदौ विहान१०:००बजेदेखि ११ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **६** स्थानमा **चट्याङ्ग, ३** स्थानमा **आगलागी, २** स्थानमा **अबिरल बर्षा, १** स्थानमा **सर्पदंश**का घटना घटेका छन् । यी घटनामा परेर **२** जनाको **मृत्यु, १५** जना **घाईते** भएका छन् । आगलागीका कारण करिव **१३ लाख २० हजार रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | १२ | १५ | १३,२०,००० | ० | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१२** वटा घट्ना भएका छन् ।
- **अछाम**को थप बिवरण मिति २०७७।०४।२८ गते रामारोशन गाउँपालिका वडा नं ३ कालापानीस्थित एक घरमा अचानक **आगलागी** हुँदा घाईते भएका ४ जना मध्ये **बर्ष २८ का एक पुरुषको** कीर्तिपुर अस्पताल काठमाडौंमा उपचारको क्रममा **मृत्यु** । साँफेबगर नगरपालिका वडा नं १३ बाब्ला बाहुन टोलमा रहेको विद्युतको पोलमा **चट्याङ** पर्न जाँदा नजिकै रहेका **८ जना घाईते** ।(नामावली सहितको बिवरण आउन बाँकी)
- **कञ्चनपुरको** पुनर्वास नगरपालिका वडा नं ११ अमरबस्तीस्थित एक घरमा **चट्याङ** पर्दा घरमा बसिरहेका **२ जना घाईते** भई उपचारको लागी सेती प्रादेशिक अस्पताल धनगढी लगिएकोमा **१ जनाको बाटोमा नै मृत्यु** । सोही ठाउँको अर्को एक घरमा **चट्याङ** पर्दा बर्ष १६ की **एक किसोरीको खुट्टामा चोट लागी घाईते** ।
- **सुनसरी**को कोशी गाउँपालिका वडा नं ७ श्रीपुरस्थित घरमा काम गर्ने क्रममा **सर्पले बाँया खुट्टामा डसी एक महिला घाईते** ।

## घट्ना सारांश...

- **मोरङ्ग**को ग्रामथान गाउँपालिका वडा नं ४ मोतीपुर जनकटोलस्थित एक घरमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा **१ जना घाईते**, घरभित्र भएको अन्नपात अन्य सम्पूर्ण सामान जलि **५ लाख रुपैंया** बराबरको क्षति ।
- **नुवाकोट**को किस्पाङ गाउँपालिका वडा नं २ ताजिस्थित एक गोठमा परेको **चट्याङ**को कारणले २ वटा गोरुको मृत्यु भई **७० हजार रुपैंया** बराबरको क्षति । लिखु गाउँपालिका वडा नं १ खानीगाउँस्थित आफ्नै घरमा बसीरहेको अवस्थामा **चट्याङ** लागी **१ ७० बर्षीया महिला घाईते** ।
- **सिन्धुपाल्चोक**को जुगल गाउँपालिका वडा नं ४ घुंगास्थित एक **चट्याङ** पर्न जाँदा वर्ष ९ की **एक बालिका घाईते,** गोठमा रहेको १ वटा भैसीको मृत्यु ।
- **दोलखा**को जिरी नगरपालिका वडा नं २ राबुस्थित सहकारी संस्थामा गएका एक व्यक्ति राती अबेरसम्म घर नआएपछी खोजतलास गर्ने क्रममा ओख्रेनी जङ्गलमा **चट्याङ** लागि **घाईते भएको अबस्थामा फेला परेको** ।
- **काठमाडौं**को काठमाण्डौं महानगरपालिका वडा नं १६ बनस्थलीस्थित एक कोल्ड स्टोरमा विद्युत सर्ट भई **आगलागी** हुँदा कोल्ड स्टोरमा रहेको फ्रिज, दुध, घ्यु, खाधान्न लगायत सामानहरु जली नष्ट ।
- **रुकुम पश्चिम**को त्रिबेणी गाउँपालिका वडा नं २ सिम्रतुमा **अबिरल बर्षा**का कारण एउटा ट्वाईलेट बगाएको अर्का एक व्यक्तिको खोलाको छेउमा रहेको बंगुरको खोर र १ वटा बंगुर समेत बगाई लगेको ।
- **मोरङ्ग**को रतुवामाई नगरपालिका वडा नं ५ कसेनीस्थित एक गाई गोठमा **आगालागी** हुँदा गोठमा रहेको ६ वटा कुखुरा, मोटरसाइकल, भाँडावर्तन, लत्ताकपडा र काठपात जलि **७ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं १ स्थित एक घरको गाह्रो राती परेको **अबिरल बर्षा**को कारण लडी क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग, आगलागी र सर्पदंशका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा लगीएको, सिन्धुपाल्चोकको लिदी पहिरो र अछामको रामारोशन बाढीमा परी बेपत्ता भएकाको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ १० गते बिहान ०८:४५ बजे देखि भदौ ११ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/११ गते बिहान ०८:४५ बजे १९२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १३२) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (११८.८मि. मी.) सुर्खेत जिल्लाको रातानाङ्ला केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ११ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, ४२ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ७९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**भदौ-११ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कन्काई, कमला, बागमतीमा बहाब सामान्य घटबढ हुने, बबई, पश्चिम राप्ती बढ्दो हुने तर सवैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कान्द्रा, मोहना, खुट्टीया, घुराहा, पुतलीसेन, स्याउली, चौधर, रंघुन-पन्टुरा लगायत चमेलियाको सहायक नदी लगायत नदी जलाधारमा क्षणिक मध्ययम बर्षा भई उक्त नदी लगायत आसपासका स-साना नदीमा बहाव सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज सिन्धुली, काभ्रेपलाञ्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहूँ, कास्की, म्याग्दी, बागलुङ, पर्वत, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम, सल्यान, जाजरकोट, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, डोटी, अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी, दार्चुला, कैलाली, कञ्चनपुर र आसपास जिल्ला भइ बहने स-साना नदीमा बहाब बढ्ने र केहि सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी र आसपास जिल्ला भई बहने स-साना नदीमा बहाव सामान्य बढ्ने, प्रदेश १ का अन्य जिल्ला भई बहने साना नदीमा बहाव सामान्य रहने,प्रदेश२स-साना सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा सतर्कता भन्दा तलै हुनेपूर्वानुमान छ ।**

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**